जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १६८ २०७६ साल माघ १८ गते शनिबार (1 Feb. 2020 Saturday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रवादको नाउँमा नेपाल र ... ३ पृष्ठमा : कोरोना भाइरस प्रकोप :..अ पृष्ठमा : कोरोना भाइरसको उपचारका लागि ..

# छोरी शिक्षा विमाको रकम एक लाखबाट तीन लाख



**दैनिक समाचारदाता**
**जनकपुरधाम, १७ माघ ।**

बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत छोरी शिक्षा विमाको रकम प्रदेश २ सरकारले एक लाखबाट बढाएर तीन लाखमा बृद्धि गरेको छ ।

प्रदेश सरकारले २०७५ माघ १ देखी जन्मेकी छोरीहरुको १ लाखको शिक्षा विमालाई निरन्तरता दिँदै शुक्रबार सो रकमलाई तीन लाख पुऱ्याएको जानकारी दिएको छ । हाल छोरीहरुको शिक्षा बिमा प्रदेश २ को आठै जिल्लाका विभिन्न स्थानिय तहमार्फत भइरहेको छ ।

छोरी शिक्षा विमा अन्तर्गत हालसम्म करिब १५ हजार विमा प्रदेश सरकारले गरिसकेको छ र विमा गराइसकेका छोरीहरुले समेत थपिएको सुविधा पाउने भएका छन् ।

प्रदेश २ सरकारले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि छोरीहरुको शिक्षा बिमा तीन लाख पुऱ्याएको जानकारी दिएको छ ।

आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री लालबाबु राउतले २०७५ माघ १ गते पछि प्रदेशमा जन्मिएकी छोरीहरु अब ३ लाख पाउने घोषणा गर्नु गरे ।

सोही पत्रकार सम्मेलनमा मुख्यमन्त्री राउतले अभियानलाई स्थानीय सरकारले सहयोग गरे हालको रकमलाई २० वर्षमा २० लाख पुऱ्याउने लक्ष्य लिएको बताए ।

यस्तै मुख्यमन्त्री राउतले अति विपन्न दलित तथा मुस्लिम परिवारका कक्षा १ देखी ८ सम्मका छात्राहरुलाई प्रति महिना पाँच सय दिने योजना रहेको र चालु आ.ब. देखी पाइलट प्रोजेक्टको रुपमा शुरु गरिने जानकारी समेत दिए ।

जनकपुरस्थित प्रादेशिक अस्पताललाई आर्युविज्ञान प्रतिष्ठानमा रुपान्तरण गरिने प्रक्रिया समेत सरकारले शुरु गरि सकेको उनले जानकारी समेत दिए ।

शुक्रबार सम्पन्न मन्त्री परिषदको बैठकले प्रादेशिक अस्पताललाई प्रदेश आर्युविज्ञान प्रतिष्ठानको रुपमा रुपान्तरण गर्ने निर्णय गर्दै मन्त्री परिषदले मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेहरुको दीर्घकालिन व्यवस्थापनका लागि मधेशी शहीद प्रतिष्ठान गठन गर्ने निर्णय समेत गरेको जनाइएको छ ।

# कंचनरुपका सहलेखापालको जिप दुर्घटनामा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

सप्तरीको कंचनरुप नगरपालिकाका सहलेखापाल सूर्यनारायण चौधरीको दुर्घटनामा परी शुक्रबार मृत्यु भएको छ ।

पूर्वबाट काठमाडौंतर्फ गइरहेको स १ च १००९ नम्बरको जिप अनियन्त्रित हुँदा वीपी राजमार्गअन्तर्गत सिन्धुलीको गोलन्जोर गाउँपालिका ५ खनियाखर्कमा शुक्रबार जिप दुर्घटना हुँदा उनको मृत्यु भएको हो ।

दुर्घटनामा जिपका चालक सोही ठाउँ बस्ने ३० वर्षीय महमद अफरोज गम्भीर घाइते भएका छन् ।

# युवालाई बिना धितो ऋण

जनकपुरधाम, १७ माघ (रासस) ।

प्रदेश नं २ बाट वैदेशिक रोजगारीमा जाने युवाले बिना धितो सहुलियत ऋण पाउने भएको छ ।

प्रदेश सरकार, सीप परियोजना र प्रभु बैंकबीच वैदेशिक रोजगारमा जानेलाई सहुलियत दरमा बिना धितो ऋण उपलब्ध गराउन सम्झौता सम्झौता भएको छ । बिहीबार भएको सम्झौता अनुसार बैंकले युवालाई ऋण दिन

*बाँकी अन्तिम पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रुअरी १ देखि**




बुध्द एयरको वेबसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09

# नेपालको विकासमा भारतीय सहयोगलाई बिर्सन नहुने



**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

भारतको ७१ औं गणतन्त्र दिवसको अवसरमा शुक्रबार राजविराजमा आयोजित एक कार्यक्रममा सहभागि वक्ताहरुले नेपालको विकासमा भारतको सहयोग अपरिहार्य रहेको बताएका छन् ।

नेपाल भारत मैत्री यूवा संघ र यूवा शसक्तिकरण संघ नेपाल सप्तरीको आयोजनामा आयोजित नेपालको बिकासमा भारतीय योगदान बिषय अन्तरक्रियामा सो कुरा बताएका हुन् ।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहको प्रमुख आतिथ्यमा आयोजित अन्तरक्रियामा वक्ताहरुले दशकौंदेखी नेपालको विकासमा भारत सरकारले गरिरहेको सहयोगलाई बिर्सन नहुने बताए । भारतीय सहयोगका कारण मुलुकको स्वास्थ्य तथा शिक्षा क्षेत्रले ठूलो फड्को मारेको जिकिर समेत गरे ।

संघका अध्यक्ष किशोर कुमार यादवको अध्यक्षतामा आयोजित

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay wallet | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय

### छोरीप्रति प्रदेश २ सरकारको विशेष ध्यान, स्वागतयोग्य

प्रदेश २ सरकारद्वारा छोरीहरुलाई शिक्षा क्षेत्रमा प्रोत्साहन गर्ने उद्देश्यले संचालित बेटी पढाउ, बेटी बचाउ अभियान प्रशंसनीय र स्वागतयोग्य कार्य रहेको छ । यसले छोरीहरुका लागि निकै नै फलदायक साबित हुने विश्वास लिइएको छ । प्रदेश २ का छोरीहरुलाई भविष्यमा शिक्षा हासिल गर्न कुनै कठिनाई नहोस् र उनीहरु उच्च शिक्षा हासिल गरेर आफ्नो भविष्य आफै उज्जवल गर्न यस्ता अभियनाले ठूलो सहयोग पुग्ने छ । यस प्रदेशमा छोरी जन्मिनुलाई खासै महत्व नदिने र उनीहरुको शिक्षामा खासै ध्यान नपुऱ्याउने अभिभावकलाई समेत यस्ता अभियानले उर्जा प्रदान गरेको छ । २०७५ साल माघ १ गतेदेखी जन्मेका र जन्मने सम्पूर्ण छोरीहरुलाई प्रदेश सरकारले पहिला १ लाख शिक्षा बिमाको योजना ल्याएकोमा अहिले आएर त्यसलाई तेब्बर अर्थात तीन लाख पुऱ्याएर छोरीहरुका लागि प्रदेश सरकारले निकै महत्व दिएको छ ।

यसरी छोरीहरुको शिक्षा दिक्षामा प्रदेश सरकारले दिएको महत्व अहिलेसम्मकै अविस्मरणीय कदम समेत हो । यस्ता कार्यले प्रदेश सरकारप्रति सबै धन्यवाद दिनैपर्छ । जहिले पनि कुनै पनि सरकारले विकास र राजनीतिक मुद्दालाई प्राथमिकतामा राखेर कार्य गरिरहेकोमा प्रदेश २ सरकारको यस्तो साहसिक कामले सबैले मनन् गर्नुपर्दछ । यसरी विकासीय कार्य तथा अन्य कार्यलाई समेत अगाडी बढाउँदै छोरीहरुको बारेमा गम्भिरतापूर्वक चासो दिएर प्रदेश सरकारले गरेको कार्य अत्यन्त सह्रानिय रहेको छ ।

तसर्थ मुलुकको अन्य प्रदेश सरकारले पनि छोरीहरुको शिक्षादिक्षामा बिशेष ध्यान दिएर उनीहरुको उज्जवल भविष्यप्रति सचेत हुनु जरुरी छ भने यस्ता कार्यको सबैले प्रोत्साहन र सहयोग गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रवादको नाउँमा नेपाल र भारतको सम्बन्धमा तितो पार्ने पाखण्डीहरु



**अमरनाथ मण्डल**

नेपाल र भारतको सम्बन्धमा इतिहासिक, पौराणिक, धार्मिक तथा बेटीरोटीको सम्बन्ध रहेको सन्दर्भमा जबजब नेपाल माथि कुनै किसिमको खतराको सिर्जना हुने अवस्था आउँछ । तब भारतले नेपाललाई भरपर्दो सहयोग र स्हार्दपूर्ण वातावरण सिर्जना गर्छ । त्यस्तै नेपालले पनि भारतको ऐतिहासिक आन्दोलनहरुमा आस्था राखी नैतिकपूर्ण तरिकाले भारत परिवर्तनका आन्दोलनहरुमा सहयोग गरेको इतिहासले देखाएका छन् । नेपाल र भारतको सम्बन्ध छिमेकी राष्ट्रको सम्बन्ध मात्र नभई एक अर्काको भाषा, भेष, पोषाक, आहार, व्यवहार, संस्कार समेत मिल्दो जुल्दो रहेको कारण नेपालमा आउँदा खेरी भारतीयलाई भारत छोडेको महसुस हुँदैन भने नेपालीहरुले भारत जाँदा नेपालमा नरहेको अनुभव हुँदैन । त्यसै कारण नेपाल र भारतको सम्बन्ध व्यक्ति व्यक्तिको वैवाहिक सम्बन्ध र धार्मिक आस्था बोकेको सम्बन्धहरुको उदाहरण धेरै रहेको छ । राणाकालमा राजा त्रिभुवनले भारत जाँदा वहाँलाई देखाएका भारतीय पक्षले देखाएका उदाहरण नीतिका कारण राणा शासनको अन्त्यमा सक्रिय भुमिका भारतको पनि रहेको छ भने भारतीय स्वतन्त्रता संग्रामको आन्दोलनमा सप्तरीको हनुमाननगर जेलमा राममनोहर लोहिया, जय प्रकाश नारायण जस्ता भारतीय नेताहरुलाई नेपालका राजनैतिक शक्तिहरु र नेताहरुले हनुमाननगर जेल तोडी भारतीय नेताहरुलाई मुक्त गरी इतिहास कायमै रहेको छ ।

धार्मिक पौराणिक सम्बन्धहरु नेपाल र भारतको अति नै विशिष्ट तथा महत्वपूर्ण ऐतिहासिक रहेको देखिन्छ । माता सिताको जन्म नेपालको जनकपुरधाममा भएको तथा भगवान रामको विहे जनकपुरमा भएको सन्दर्भहरु अहिले पनि दुई देशको सम्बन्धलाई राम र सिताको विहे सन्दर्भलाई तोडेर धार्मिक ऐतिहासिक आस्थाको सन्दर्भ बनेका छन् । त्यस्तै अन्य पौराणिक, धार्मिक, संस्कृतिक सम्बन्धहरुको एक अर्का बीच अधिकांश आहार व्यवहार मिल्नेको कारण नेपाल र भारतको खुल्ला सिमाना नाकाहरु मार्फत साधारण भन्दा साधारण जिवनयापनको वस्तुहरुको किनबेच नेपाल र भारतको नागरिकहरु एक अर्काको देशमा गएर व्यापारिक गतिविधिहरु गरिरहेका छन् । भारत विश्वको ठूलो प्रजातान्त्रिक देशको रुपमा स्थापित रहेको सन्दर्भमा नेपालको जहानियाँ राणा शासनको अन्त्य र घोर पञ्चायती व्यवस्थाको परिवर्तनको आधारहरु निर्माण गर्न नेपालका नेताहरु भारतमा बसी अनेकौ आन्दोलनको सुत्रधारहरु निर्माण गरेको हामी सामु विदितै रहेको छ । प्रजातान्त्रिक आन्दोलनमा भारतका पूर्व प्रधानमन्त्री चन्द्रशेखर तथा भारतका नेता सिताराम युचुरी लगायतका नेताहरुले नेपालको प्रजातान्त्रिक आन्दोलनलाई आफू उपस्थिति भई आन्दोलनहरुलाई गति प्रदान गरेको हाम्रो सामु विदितै छ । विभिन्न किसिमका विकासीय गतिविधिहरुमा भारतीय योगदान र सहयोगको अवस्था हाम्रो सामु स्पष्ट रहेको देखिन्छ । अनेकौं किसिमको नेपाल र भारतको सम्झौताहरुले गर्दा दुई देशको आपसी मैत्री परम्परालाई ठोस बल पुगेको अवस्थामा देशको विकास र उन्नतीको लागि छिमेकीहरुको स्वहार्दपूर्ण वातावरण र सक्रिय सहभागिताको आवश्यकताका कारणले गर्दा विकासको गतिहरुलाई सार्थक दिशातिर उन्मुख गर्न सकिन्छ ।

तर केही भारत विरोधी मानसिकताको उपजहरु केही दिन यता नेपालमा बढि देख्न थालिएका छन् । यसको कारण के हो ? भने सार्थक खोजको अनुसन्धान अनुसन्धान गर्नु आवश्यकता देखिन्छ । भारतको कुनै फिल्डमा अभिनेताले केही समय पूर्ण केही अभिव्यक्तिको कारण, रितिक रोशन प्रकरणको परिणामहरु हाम्रो सामु हाम्रो आँखाको बीचमा अहिले पनि घुमिरहेका छन् । केही दिन यता नक्सा विवाद र सिमाना विभाग प्रकरणले ठूलो राष्ट्रवाद भनाउनेहरु गलत र असभ्य बकतव्यवाजीको कारण नेपाल र भारतको वर्षौ देखिको सम्बन्धमा तितता आईरहेको देखिन्छ । राष्ट्रवादको परिपाटीलाई, राष्ट्रवाद सबल बनाउन हरेक नेपालीको कर्तव्य र दायित्व रहेको अवस्था हरेक नेपाली मन मष्तिषक भित्र आफ्नो देश प्यारो हुने राम्रो पक्ष रहेको अवस्थामा राष्ट्रवादसँग राष्ट्रवादको मामलामा कसैसँग सम्झौता नगर्नु सार्थक सबाल रहेको अवस्थामा राष्ट्रवादलाई गलत व्याख्या गरी छिमेकी देशहरुसँग सम्बन्ध बिगार्नु कदापी कसैको हित हुने अवस्था देखिदैन । नेपालमा आधा भन्दा बढी मधेशी समुदायको जनसंख्या रहेको अवस्थामा मधेशी समुदायहरु नेपालको आदीबासी रहेकोले केही पाखण्डीहरु समय समयमा मधेशीलाई भारतीय भन्ने बेर लगाउँदैन । जसको कारण मधेशमा रहेका मधेशी समुदायहरु अनेकौ बाहानामा शोषन र उत्पीडनको सिकार भोग्न परिरहेको सन्दर्भ देखिन्छ । नेपालको जुनसुकै आन्दोलनमा पनि मधेशी समुदायको अह्म भुमिका र अह्म योगदान रहेको अवस्थामा नेपालको दोश्रो दर्जाको नागरिक मधेशी समुदायलाई सिद्ध गर्न पछि परिरहेको सन्दर्भहरु कारणले गर्दा नेपालमा तीन ओटा मधेश आन्दोलन समेत भएको देखिन्छ । भारतीय जस्तो मधेशी समुदायको अनुहार भएको र भारतीय जस्तो मधेशी समुदायले पोशाक लगाउने गरेको सन्दर्भलाई केही समय पूर्व मधेशी समुदायको प्रमुख पोशाक धोतीलाई अपहेलित र हेप दृष्टिकोणले हेर्नुको कारण पनि मधेशी समुदायहरु भारतीय नागरिक हो भने केही पाखण्डीहरुले सिद्ध गर्न खोजिरहेको सन्दर्भ देखिन्छ । यसै सन्दर्भमा मधेशमा मैथिली, भोजपुरी, अबधी, थारु भाषाहरु बोल्ने गरेको कारण सबै मधेशीहरुको बुझ्ने र बोल्ने भाषा सम्पर्क भाषाको रुपमा हिन्दी रहेको कुराहरु चर्चामा आउँदा खेरी हिन्दी भाषालाई भारतीय भाषामा जोडी मधेशी समुदायहरुलाई भारतीय सिद्ध गर्न पनि पछि नपरेको होइन ।

नेपालका हरेक समुदायहरु नेपाल प्रति आफ्नो देश प्रति आस्था, विश्वास असाध्यै माया गर्ने गरेको इतिहासका कतिपय सन्दर्भहरुले देखाई सकेका छन् । कुनै समुदायलाई मात्र विभेदीकरणको आँखाबाट हेरी त्यस विभेदीकरणको स्वरुपको रुपमा भारतलाई गाली गर्नु एउटा असल छिमेकी मित्र प्रति गलत मानसिकताको उपज रहेको देखिन्छ । त्यसै कारण नेपालका जुनसुकै जातजाती, भाषाभाषी तथा धर्म मान्नेहरु नेपाल प्रति आस्था र विश्वास राख्ने गरेको र आफू मात्र राष्ट्रवादी भएको पाखण्डीहरुलाई समय समयमा नेपालको अन्य जातीहरु पनि ठूलो राष्ट्रियवादी रहेको प्रमाणहरु दिई सकेका छन् । देश सबैको प्यारो हुन्छ । देशको अहितमा कसैले कुनै सम्झौता गर्दैन । हाम्रो देश नेपाल विश्वको सुन्दर देशको रुपमा स्थापित छन् । हामी माथि जुनसुकै परिस्थितिमा कसैले अघात गरेमा हामी सहन गर्ने छैनौं । तर झुठो राष्ट्रवादको नारा अवधी एउटा छिमेकी असल मित्र देशलाई सधैं गलत मानसिकताको चश्माले हेर्नु कदापी कसैको हित हुने छैन । त्यस्तै भारतसँग जोडी नेपालमा वर्षौ देखि आदीबासीको रुपमा स्थापित मधेशी समुदायलाई जोड्नु मधेशी समुदायप्रति विभेदीकरणको नीति राख्नुले नेपालको लगायत नेपालीको हितको सन्दर्भमा राम्रो पक्ष देखिदैन । त्यसै कारण अनि राष्ट्रवाद बनौ तर राष्ट्रवादलाई गलत व्याख्या नगरौं । नत्र भोलीका दिनमा हामी ठूलो संकटमा पर्ने अवस्थाको सिर्जना आफै सिर्जित गर्ने बेर लाग्दैन । नेपालका राजनीतिक दलका ठूला ठूला नेताहरुले भारतीय ठूला ठूला नेताहरुसँग सम्बन्ध बनाउन एक अर्काको बीचमा राम्रो सम्बन्ध रहेको देखाउनमा बेस्त देखिन्छ भने भारतका ठूलो नेताहरु मन जित्न भरसक प्रयासमा लागि रहेको देखिएको अवस्थामा यता त्यही नेताका कार्यकर्ताहरु भारत विरोधीको गलत व्याख्याहरु गरिरहेको सन्दर्भमा नेताहरुको दोहोरो चरित्रको कारण नेपाल भारतको सम्बन्धमा पनि तितता बढाउनमा तदरुपता देखाउन वेस्त देखिन्छ ।

# पत्रकारलाई जाँच लिई लाइसेन्स दिने प्रावधान हटाउनुपर्छ : महासंघ

काठमाडौँ, १७ माघ (रासस) ।

नेपाल पत्रकार महासङ्घले मिडिया काउन्सिल विधेयकमा रहेको पत्रकारलाई सरकारी निकायबाट जाँच लिई लाइसेन्स दिने प्रावधान हटाउनुपर्ने माग गरेको छ । महासङ्घले बिहीबार प्रेस विज्ञप्ती जारी गरी पत्रकारलाई जाँच लिई लाइसेन्स दिनेजस्ता प्रावधानहरु संविधानको मर्म र भावनाको विपरीत हुनुका साथै प्रेस स्वतन्त्रता विरोधी भएको उल्लेख गर्दै हटाउन माग गरेको हो ।

यही माघ १४ गते राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको बैठकले मिडिया काउन्सिल विधेयकका केही बुँदाहरु संशोधन गर्नुका साथै केही बुँदाहरु थप गरेको थियो । विज्ञप्तीमा भनिएको छ, "संविधानको उद्देश्य पूर्तिका लागि विभिन्न कानूनहरुको निर्माण, सुधार र संशोधन हुनु स्वभाविक हो । यसरी कानून निर्माण गर्दा संविधानको मूल भावना अनुकूल हुनेगरी सरोकारवाला पक्षसँग समेत पर्याप्त छलफल गरिनुपर्छ भन्ने महासंघको मान्यता हो । यसप्रति सरकार र संसद् संवेदनशील हुन महासंघको जोडदार माग रहँदै आएको छ ।"

यसैबीच सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले पत्रकारले जाँच दिनुपर्ने व्यवस्था हटाउने तयारी भइरहेको बताउनुभएको छ । विराटनगर विमानस्थलमा बिहीबार साँझ सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले पत्रकारको जाँच लिनेसम्बन्धी व्यवस्था हटाउने बताउनुभयो ।

सञ्चारमन्त्री बाँस्कोटाले क्षमता नभएको संस्थाबाट जाँच लिनु अनुपयुक्त देखिएकाले जाँच लिने व्यवस्था हटाउने बताउनुभयो । उहाँले एमसीसी विशुद्ध विकाससँग सम्बन्धित योजना भएकाले यसको विरोध गर्नुको कुनै तुक नभएको धारणा राख्नुभयो । मन्त्री बाँस्कोटाले एमसीसीमा कुनै पनि विवादास्पद विषय नभएकाले सरकारले यसलाई संसद्बाट पारित गराउन लागेको जानकारी दिनुभयो ।

# कोरोना भाइरस प्रकोप : अब स्थलमार्ग प्रयोग गर्नेमाथि निगरानी

काठमाडौँ, १७ माघ (रासस)।

स्वास्थ्यकर्मीले कोरोना भाइरस फैलिन नदिन चीनबाट स्थलमार्ग भएर नेपाल भित्रिने सर्वसाधारणमाथि निगरानी गर्ने भएका छन्।

हालसम्म हवाईमार्ग प्रयोग गरेर नेपाल भित्रिने नागरिकमाथि निगरानी गरिँदैआएकामा अब चीनसितको सीमा नाकामा आवतजावत गर्नेमाथि निगरानी गरिनुका साथै सीमामा उच्च सतर्कता अपनाइने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा सो मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले चीनसितको सीमा नाका रसुवाको रसुवागढी र सिन्धुपाल्चोकको तातोपानी भएर नेपाल भित्रिने नागरिकमाथि निगरानी गरिने जानकारी दिनुभयो। "अहिलेसम्म त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भएर आउनेमाथि निगरानी गर्दै थियौँ, अब चीनसितको सीमा नाकामा सतर्कता अपनाउँछौँ", उहाँले भन्नुभयो। ती दुवै ठाउँमा 'हेल्थ डेस्क' स्थापना गर्न लागिएको प्रवक्ता श्रेष्ठको भनाइ छ।

स्वास्थ्यसेवा विभाग, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिसहितको टोली रसुवागढी र तातोपानी नाकामा जान लागेको छ। डा अमृत पोखरेल नेतृत्वको टोली रसुवागढी तथा डा गुणनिधि शर्माको नेतृत्वमा तातोपानीतर्फ शुक्रबार टोली जान लागेको उहाँले जानकारी दिनुभयो। सो चिकित्सक टोलीले दुबै नाकामा सुरक्षा निकाय, भन्सार, स्थानीय तहका प्रतिनिधि तथा सरोकारवाला निकायसित छलफल तथा सचेतना कार्यक्रम सञ्चालन गर्नेछ। "हाम्रो पहिलो प्रयास कोरोना भाइरसको प्रकोपबारे जानकारी गराउने हो, रोग फैलिनु अघि सबैलाई सचेत पार्ने हो", प्रवक्ता श्रेष्ठले भन्नुभयो। कोरोना भाइरसको प्रकोप फैलिन नदिन सतर्क हुन उहाँले सबैलाई आग्रह गर्नुभयो। उहाँले बिहीबारै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालको अध्यक्षतामा परराष्ट्र, गृह, रक्षा, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पदाधिकारी, सुरक्षा निकायका अधिकारीसहितको छलफल तथा परामर्श बैठक बसेको उहाँले बताउनुभयो।

"चाँडै नै प्राविधिक तथा विज्ञसहितको समिति बनाउँदैछौँ", उहाँले भन्नुभयो, "अस्पताललाई तयारी अवस्थामा राखेका छौँ।" मन्त्रालयले नियमित रुपमा छलफल गरिरहेको उहाँले जानकारी दिनुभयो। बेइजिङस्थित चिनियाँ राजदूतावाससित नियम सम्पर्क तथा आवश्यक परामर्श गरिरहेको श्रेष्ठले बताउनुभयो। "वहान प्रान्तमा अध्ययनरत विद्यार्थीले नेपाल फर्किन दूतावासमा सम्पर्क गरिरहेको कुरा जानकारीमा आएको छ", उहाँले भन्नुभयो, "अहिले नै घर फर्काइहाल्ने अवस्था छैन।"

आवश्यकता परेको खण्डमा सरकारले सबै प्रक्रिया अपनाउने श्रेष्ठले उल्लेख गर्नुभयो। यसबारे स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मात्रै सबैथोक गर्न नसक्ने र सबैसँगको समन्वयमा आवश्यक काम कारवाही गरिने उहाँको भनाइ थियो। "चीनमा दशौँ हजार विद्यार्थी छन्, अहिले नै नेपाल फर्काइ हाल्ने अवस्था छैन", श्रेष्ठले भन्नुभयो।

**'शङ्का लागे स्वास्थ्य परीक्षण गर्न आउनुस्'**

प्रवक्ता श्रेष्ठले कोरोना भाइरसबाट सङ्क्रमित भएको शङ्का लागेमा स्वास्थ्य परीक्षण गराउन सबैलाई अनुरोध गर्नुभयो। कोरोना भाइरसबाट सङ्क्रमित भएको जस्तो लक्षण देखिएमा घरमा नबसी सोझै अस्पताल आएर आफ्नो स्वास्थ्य परीक्षण गराउनुपर्नेमा उहाँको सुझाव थियो। "शङ्का मानेर घरमा बस्न हुन्न, परीक्षण गर्न आउनुस्, अहिलेका लागि हामीलाई सबैभन्दा ठूलो सहयोग हुन्छ", उहाँले भन्नुभयो। कोरोना भाइरस फैलन नदिन सबैले सचेत हुनुपर्ने र आ-आफ्नो क्षेत्रबाट सरकारलाई सहयोग गर्न उहाँले आग्रह गर्नुभयो।

कोरोना भाइरसबाट सङ्क्रमित फेला परे उनीहरुलाई छुट्टै ठाउँमा कहाँ राख्ने भन्नेबारे निर्णय हुन नसकेको प्रवक्ता श्रेष्ठले बताउनभयो। "छुट्टै ठाउँमा राख्नुपर्ने अवस्था आएको छैन, त्यस्तो अवस्था आएमा हामी व्यवस्था गर्छौं", उहाँले भन्नुभयो। टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा हालसम्ममा छ जना शङ्कास्पद व्यक्ति भर्ना भएकोमा सबै जना घर फर्किएका उहाँले उल्लेख गर्नुभयो। "अब कोही बिरामी पनि भर्ना भएको अवस्था छैन", श्रेष्ठले भन्नुभयो। टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललाई तयारी अवस्थामा राखिएको छ।

चीनको वहान प्रान्तबाट नेपाल आएका एक नेपालीमा कोरोना भाइरस देखिएपछि माघ ९ गतेदेखि सरकारले उच्च सतर्कता अपनाएको हो। यस क्रममा नेपाल र चीन सरकारको सहमतिमा रसुवागढी र तातोपानी नाकामा १५ दिनका लागि आवागमन रोकेको थियो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट आउने हरेक व्यक्तिको दैनिक परीक्षण गर्न थालिएको छ। कोरोना भाइरसको मुख्य लक्षण ज्वरो आउनु, श्वास फेर्न अप्ठ्यारो हुनु र छातीमा सङ्क्रमण हुनु हो। धेरै भीडमा नजाने, व्यक्तिगत सुरक्षा र सरसफाइमा ध्यान दिने, साबुन पानीले राम्ररी हात धुने गरेमा यस रोगबाट बच्न सकिने चिकित्सकले बताएका छन्।

# मालपोतका कार्यालय सहयोगीको करोडौंको सम्पत्ति

काठमाडौँ, १७ माघ (रासस)।

एउटा सरकारी कार्यालयमा कार्यालय सहयोगीका रुपमा कार्यरत कर्मचारीले आफ्नो कार्यकालमा के कति सम्पत्ति आर्जन गर्ला ? सामान्य मानिसले सहजै उत्तर दिन्छन्, त्यत्ति ठूलो कमाई त के गर्ला र ? तर, मालपोत कार्यालयका कार्यरत एक कार्यालय सहयोगीले आफ्नो जागिरे जीवनमा मात्रै करिब रु नौ करोड बराबरको सम्पत्ति आर्जन गरेको पाइएको छ। यस्तै देखिएको छ, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छानबनिमा।

आयोगका अनुसार काठमाडौँको चाबहिलस्थित मालपोत कार्यालयका तत्कालीन सहयोगी राजेन्द्र बस्नेतले झण्डै रु नौ करोड बराबरको अकूत सम्पत्ति आर्जन गरेको पाइएको छ। आयोगले बिहीबार अकूत सम्पत्ति कमाएको अभियोगमा मालपोत कार्यालयका कार्यालय सहयोगी बस्नेतविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगको अनुसन्धान अनुसार बस्नेत र उहाँको परिवारको नाममा रु नौ करोड ७३ लाख ३१ हजार बराबरको सम्पत्ति देखिएकामा झण्डै रु आठ करोड ९८ लाख बराबरको सम्पत्तिको वैध स्रोत खुल्न नसकेको पाइएको छ। आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार आरोपी बस्नेतलाई कैद र बिगोबमोजिमको जरिवानाको माग गर्दै मुद्दा दायर गरिएको हो।

आयोगले भ्रष्टाचार गरी कमाएको रकम जफत गर्नसमेत माग गरेको छ। आयोगका अनुसार कार्यालय सहयोगी बस्नेतको रु ७४ लाख ७३ हजार ३७३ मात्रै वैधानिक रुपमा आर्जन गरेको पाइएको छ। मालपोतमा कार्यालय कार्यालय सहयोगीको रुपमा काम गर्ने बस्नेतको जीवनयापन अस्वाभाविक रहेको भन्दै परेको उजुरीमाथि छानबनि गर्दा उहाँको अवैध आय फेला परेको हो।

आयोगका प्रवक्ता कोइरालाका अनुसार कार्यालय सहयोगी बस्नेत २०४५ सालमा मालपोतका कार्यालय सहयोगीको रूपमा सेवा प्रवेश गर्नुभएको थियो। आयोगले सेवा प्रवेशदेखि गत वर्षसम्मको आय तथा खर्चको समेत विश्लेषण गरेको छ। बस्नेतले श्रीमती सीता बस्नेतको नाममा रु छ करोड, ७४ लाख बराबरको घरजग्गा खरिद गरेको, आमाको नाममा रु ६२ लाख ९० हजारको घर निर्माण गरेको देखिएको छ।

मालपोत कार्यालय चाबहिलमा कार्यरत रहँदा बस्नेतले नक्कली रसिद काट्ने, नगद असुल गर्ने तर राजस्व दाखिला नगर्नेलगायत गैरकानुनी काम गरेको पाइएको छ। यस्तै आयोगले नेपाल प्रहरीका प्रहरी निरीक्षक अरुणकुमार शाहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको आरोपमा बिहीबारै विशेष अदालतमा मुद्दा दायर गरेको छ।

# कोरोना भाइरसका कारण विश्व स्वास्थ्य संगठनले गऱ्यो विश्वव्यापी स्वास्थ्य संकटकाल घोषणा

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ माघ।**

कोरोना भाइरसका कारण विश्व स्वास्थ्य संगठन डब्लुएचओले संकटकाल घोषणा गरेको छ।

चीनबाट सुरु भएको कोरोनाभाइरस २० देशमा फैलिएपछि विश्व स्वास्थ्य संगठनले यस्तो घोषणा गरेको हो।

यस अघि डब्लुएचओले विश्वका सबै मुलुकलाई सतर्कता अपनाउन अपिल गरेको थियो। कोरोनाभाइरसबाट अहिलेसम्म २१३ जनाको निधन र नौ हजार आठ सय २१ जना संक्रमित भएका छन्। विश्वका विभिन्न देशमा १५ हजार बढी शंकास्पद विरामी पाइएको छ।

इटालीले आफ्ना सबै उडान चीनमा बन्द गरेको छ। कोरोनाभाइरसले सार्सबाट भएका विरामीको रेकर्डलाई उछिनेको छ। डब्ल्यूएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेहब्रेयससले उक्त घोषणा गर्नुका पछाडि मुख्य कारण चीनबाहिर यसको अवस्थालाई लिएर भएको बताएका छन्। चीनका सबै क्षेत्रमा कोरोनाभाइरसको संक्रमण देखिएको पुष्टि भएको छ। चीनबाहेक अन्यत्र नेपालसहित १८ देशमा ९८ जनामा सङ्क्रमण भएको पाइएको छ। तर चीनबाहिर यसका कारण कसैको ज्यान गएको छैन।

विश्व स्वास्थ्य सङ्गठनले कमजोर स्वास्थ्य प्रणाली भएका मुलुकहरूमा यो भाइरस फैलिन सक्ने त्रास रहेको बताए। बीबीसीका स्वास्थ्य तथा विज्ञान संवाददाता जेम्स गालाहरका अनुसार अहिले ९९ प्रतिशत संक्रमणका घटना चीनभित्र नै पाइएको र चीनले तिनलाई नियन्त्रण गर्नेमा डब्ल्यूएचओ विश्वस्त रहेको पाइएको छ। यसअघि डब्ल्यूएचओले विभिन्न संक्रमणका घटनामा पाँच पटक विश्वव्यापी स्वास्थ्य संकटकाल घोषणा गरेको थियो। एजेन्सी

## विश्व समाचार

### कोरोना भाइरसको उपचारका लागि उहानमै ७० भन्दाबढी नयाँ स्वास्थ्य केन्द्र

उहान, १७ माघ (रासस/सिन्ह्वा)।

मध्यचीनमा पर्ने हुबेइ प्रान्तमा नोबेल कोरोना भाइरसको सङ्क्रमणको उपचारका लागि ७० भन्दा बढी नयाँ स्वास्थ्य सेवा केन्द्र खोलिएको छ। उहानको बाहिरका इलाकामा आपतकालीन प्रयोगका लागि अस्पतालले नयाँ निर्माण विस्तार गरिएको प्रान्तको प्रमुख जियांग चाओलिङ बताउनुभएको छ।

यी स्वास्थ्य केन्द्रले ग्रामीण इलाकामा कोरोना भाइरसका कारण भएको निमोनियासँग लड्न मद्दत पुऱ्याउने बताइएको छ। जुन स्थानमा कम जागरुकता र चिकित्सा सुविधाको अभावले महामारीबिरुद्ध लड्ने प्रयासको अवरोधलाई हटाएर एकसाथ अगाडि बढाउन सहयोग हुने बताइएको छ।

अधिकारीका अनुसार गाउँ समुदायमा प्रशिक्षण सत्र सञ्चालन गरी जनचेतना बढाइने पनि गरिएको छ। दैनिकरुपमा ग्रामीण क्षेत्रमा फर्केका मान्छेको तापक्रम नाप्ने र स्वास्थ्य अवस्थाको जाँच गर्ने काम लगाइने बताइएको छ। हुबेइ प्रन्तमा हालै मात्र कोरोना भाइरसका कारण एक हजार २२० नयाँ सङ्क्रमित भएका र बिहीबार मात्र पनि थप २४ व्यक्तिको मृत्यु भएको अधिकारीले बताएका छन्।

चिनियाँ स्वास्थ्य अधिकारीकाअनुसार बिहीबार अबेर रातीसम्म यस भाइरसबाट २१३ जनाको मृत्यु भएको र नौ हजार ६९२ जना सङ्क्रमित भएका छन्। त्यसैगरी यस भाइरसका कारण अस्पताल भर्ना भएका १७१ जना अस्पतालबाट घर फर्किएका पनि समाचारमा जनाइएको छ।

### कङ्गोको आक्रमणमा करिब २४ मारिए

बेनी, कङ्गो, १७ माघ (रासस/एएफपी)।

प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वमा एलाइड डेमोक्रेटिक फोर्सेजका लडाकूले गरेको पछिल्लो आक्रमणमा कम्तीमा २४ सर्वसाधारणको ज्यान गएको छ। यसै साताभित्र विद्रोही लडाकूको आक्रमणबाट मारिनेको सङ्ख्या ६० पुगेको अधिकारीले बताएका छन्। अस्थिर बेनी क्षेत्रको ओइचा नजिकै २४ जनाको शव भेटिएको वरिष्ट प्रशासक डोनाट किबवानाले जानकारी दिनुभयो।

यद्यपी कङ्गो अनुसन्धान समूह र मानवअधिकार वाचको संयुक्त विज्ञप्तिमा उक्त आक्रमणमा १९ जनाको ज्यान गएको उल्लेख छ। कङ्गोको सेनाले एडिएफ समूह विरुद्ध सैन्य अभियान सञ्चालन गरिरहेको छ। छिमेकी मुलुक युगान्डामा स्थापना भएको एडिएफ हाल कङ्गोको पूर्वमा सक्रिय छ। यो क्षेत्र लामो समयदेखि विभिन्न समूहको आक्रमणबाट आक्रान्त छ।

कङ्गो र यसका छिमेकी मुलुकमा सक्रिय समूह आम नागरिकको नरसंहारमा निरन्तर संलग्न रहेको पाइएको छ। बेनीमा अक्टोबर २०१४ देखि सक्रिय एडिएफले एक हजारभन्दा बढी नागरिकको हत्या गरिसकेको छ। यो समूह मूलरुपमा अतिवादी इस्लामिक विद्रोही समूह हो। यस समूहले शुरुका वर्षमा युगान्डाका राष्ट्रपति योवेरी मुसेभेनीको विरोधीका रुपमा आफूलाई उभ्याएको थियो।

सन् १९९५ देखि यो समूह कङ्गो युद्धमा सहभागी भएको थियो र युगान्डाभित्र सैन्य कारबाही रोकेको थियो। यो समूहमा विभिन्न मुलुकका नागरिक भर्ती भएको अनुमान छ। संयुक्त राष्ट्रका विज्ञले २०१८ मा यो समूहमा करिब ४५० जना लडाकू मात्र रहेको बताएका छन्।

### अफगानिस्तानमा हिंसा झन् बढ्यो

काबुल, १७ माघ (रासस/एएफपी)।

अफगानिस्तानमा गत वर्षको पछिल्लो समयमा हिंसा झनै बढेको समाचारमा जनाइएको छ। गत वर्ष अर्थात् सन् २०१९ को पछिल्लो चार महिनामा यहाँ हत्याको सङ्ख्यामा वृद्धि भएको देखिएको छ। विशेषगरी राजधानी काबुलमा पहिलाको तुलनामा पछिल्लो चार महिनामा हत्याको शृङ्खलामा झनै वृद्धि भएको छ।

यसअघि अफगानिस्तानको राजधानी काबुल अन्य स्थानको तुलनामा शान्त रहेकामा गत वर्षको पछिल्लो चार महिनाको अनुगमनबाट हत्या हिंसाका घटनामा वृद्धि भएको देखिएको हो। अघिल्लो वर्ष अमेरिका र तालिबानबीच अफगानिस्तानमा तैनाथ अमेरिकी सेनालाई के कसरी कटौती गर्ने भन्ने बारेमा वार्ता पनि भएका थिए।

अमेरिकाले अफगान युद्धको अन्त्यका लागि शान्तिवार्ता र युद्धविरामका बारेमा तालिवान, अफगान सरकार, पाकिस्तान र अरु सरोकारवालासँग विस्तृत परामर्श गरेको थियो तर उक्त वार्ता अन्तिम अवस्थामा भङ्ग भएको थियो। वार्ता प्रक्रियाकै चरणमा तालिबानबाट हिंसात्मक कारबाही केही मत्थर भए पनि पूर्णरुपमा रोकिएको थिएन। उनीहरुले युद्धबिराम नै नगरेको भए पनि काबुलमा भने हत्याका घटनामा कमी आएको थियो। अमेरिकी सरकारको एक निगरानी निकायद्वारा शुक्रबार सार्वजनिक गरिएको तथ्याङ्कमा गत वर्षको पछिल्लो चार महिनामा ८ हजार २०४ वटा आक्रमणका घटना भएको उल्लेख छ।

यो सङ्ख्या यसै अवधिको अघिल्लो वर्षको भन्दाबढी हो। यसै अवधिमा सन् २०१८ मा छ हजार ९४७ वटा घटना भएको थियो। सेप्टेम्बर महिनामा अफगानिस्तानमा राष्ट्रपतीय निर्वाचनको पहिलो चरणको मतदान भएको थियो। त्यस समयमा झनै धेरै आक्रमणका घटना भएका थिए। सेप्टेम्बर महिनामा सन् २०१० पछिको सबैभन्दा धेरै आक्रमणका घटना भएका थिए। तालिबानको आक्रमणका घटना वृद्धि भएपछि अमेरिकी सेनाले पनि आक्रामक कारबाही गरेको छ, तर त्यसको प्रभावकारिता भने खासै देखिएको छैन।

पछिल्लो छ महिनाको अवस्था हेर्दा अफगानिस्तानको समग्र क्षेत्रमा छ प्रतिशतले आक्रमणका घटनामा वृद्धि भएको छ। ती मध्येका उनीहरुका आक्रमण करिब चार प्रतिशत त प्रभावकारी नै भएका थिए।

उता अमेरिकाले पनि गत वर्ष लडाकू समूह विरुद्ध हवाई कारबाही बढाएको छ। अमेरिकाले युद्धक विमानको प्रयोग गर्ने र तालिबानको प्रभाव रहेका भनिएका क्षेत्रमा हवाई आक्रमण पनि बढाएको छ। अफगानिस्तानमा सन् २००१ मा तालिबान शासनको अन्त्य भएपछि उनीहरुले यहाँ सशस्त्र हिंसा मच्चाएका छन्।

# भरुवा बन्दुक र मरेको बँदेलसहित चार सिकारी पक्राउ



**दैनिक समाचारदाता**
**सुनसरी, १७ माघ**

सुनसरीको धरान उपमहानगरपालिका ६ गौंडे आहालको जंगलबाट भरुवा बन्दुक २ थान र मरेको जंगली बँदेलसहित चार सिकारीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा धरान उपमहानगरपालिका ६ पानवारी बस्ने ३० वर्षीय मणि राई, २६ वर्षीय सिद्धार्थ राई, ३९ वर्षीय राम बहादुर योन्जन र ३० वर्षीय सम्भु दाहाल रहेका छन् ।

प्रहरी चौकी पानवारी धरानबाट खटिएको गस्ती प्रहरी टोलीले को.२० प८७१६ र ना.१४ प ६४३३ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त बन्दुकसहित फेला पारी पक्राउ गरेको हो ।

# एनटिभी इटहरीको प्रसारण सुरु

इटहरी, १७ माघ (रासस) ।

नेपाल टेलिभिजन इटहरी प्रसारण केन्द्रबाट शुक्रबारदेखि प्रसारण सेवा शुरु गरिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले भिडियो कन्फेरेन्समार्फत केन्द्र उद्घाटन गर्दै एनटिभी इटहरी प्रसारण केन्द्रले प्रदेश १, २ दुई तथा सिङ्गो राष्ट्रको समृद्धिमा टेवा पुर्‍याउने आशा व्यक्त गर्नुभयो ।

नेपाल टेलिभिजनको ३५औँ वार्षिकोत्सवका अवसरमा इटहरीबाट प्रसारण थालनी गरिएको केन्द्रको प्रधानमन्त्री ओलीले सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयको एक्सन रुमबाट बटन थिचेर शुक्रबार उद्घाटन गर्नुभएको हो ।

कार्यक्रमका सूचना तथा प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले आफ्नो क्षमता, दक्षता र योग्यताका आधारमा मात्र मर्यादित र गुणस्तरीय पत्रकारिता गर्न सञ्चारकर्मीलाई आग्रह गर्नुभयो ।

नेपाल टेलिभिजनले अब केही समयपछि अङ्ग्रेजी भाषामा एनटिभी वर्ल्ड च्यानलका रुपमा चौबीसै घण्टा प्रसारण गर्न लागेको जानकारी पनि उहाँले दिनुभयो ।

कार्यक्रममा प्रदेश नं १ का कानून तथा आन्तरिक मामिलामन्त्री हिक्मतकुमार कार्की, सांसद सर्वध्वज साँवा र इन्दु गौतम, धरान उपमहानगर प्रमुख तिलक राई तथा इटहरीका नगर प्रमुख द्वारिकलाल चौधरी र उपप्रमुख लक्ष्मी गौतमले एनटिभी प्रसारणको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

## *नेपालको विकासमा ...*

अन्तरक्रियामा नवनिर्वाचित राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव र शेखर कुमार सिंहलाई सम्मान समेत गरिएको थियो ।

सो कार्यक्रममा राजपा नेपालका सहमहामन्त्री जय प्रकाश ठाकुर, गजेन्द्र कुमार मण्डल, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादव, बरिष्ठ अधिबक्ता हिमत सिंह, विभिन्न स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

# अनलाइन फाराम बन्द

काठमाडौं, १७ माघ (रासस) ।

यातायात व्यवस्था विभागले हालका लागि सवारी चालक अनुमतिपत्रका लागि अनलाइन फारम बन्द गरिएको जनाएको छ ।

अनुमति पत्रसम्बन्धी अनलाइन प्रणाली परिमार्जन गर्न लागिएकाले सेवा हालका लागि सञ्चालन नभएको विभागले सूचना जारी गर्दै जनाएको छ ।

विभागले उक्त प्रणालीमा देखिएको समस्या यथाशीघ्र समाधान गरेर सञ्चालनमा ल्याइने जनाएको छ ।

विभागले गत वर्षदेखि नै देशभरका सेवाग्राहीले अनलाइन भरेका आवेदनबाट फारम बुझेर अनुमतिपत्रका लागि लिखित र प्रयोगात्मक परीक्षा लिने गरेको छ ।






# सामाजिक सञ्जालबाट विदेशी मुद्रा खर्च गरेर गरिने विज्ञापन गैरकानुनी

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ माघ**

नेपाल राष्ट्र बैंकले सामाजिक सञ्जालबाट विदेशी मुद्रा खर्च गरेर गरिने विज्ञापन गैरकानुनी हो भन्दै कडाइ गरेको छ ।

शुक्रबार एक सूचना प्रकाशित गरेर सामाजिक सञ्जालमा विज्ञापन गरी रकम भुक्तानी गरे मुद्रा अपचलनको मुद्दा लाग्ने राष्ट्र बैंकले जनाएको छ । ट्वीटर, फेसबुक, युट्युबजस्ता सामाजिक सञ्जालमा 'बुस्ट' गरेर विज्ञापन गर्दा अवैधानिक तरिकाले भुक्तानी भएको भन्दै राष्ट्र बैंकले कडाइ गरेको हो ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक बमबहादुर मिश्रले गैर कानूनी तरिकाले सामाजिक सञ्जालमा विज्ञापन भइरहेको र ठूलो रकम अवैधानिक च्यानलबाट विदेश भएको भन्दै यस्तो निर्णय गरिएको जानकारी दिए ।



सामाजिक सञ्जाल र अनलाइन मार्फत गरिने विज्ञापन प्रकाशन तथा प्रशारण वापतको भुक्तानी तथा प्राप्ति अनौपचारिक माध्यमबाट गरेमा गैरकानुनी हुने बारे
नेपाल राष्ट्र बैंकको

**सूचना**

फेसबुक (Facebook), ट्वीटर (Twitter), युट्युब (Youtube) जस्ता सामाजिक सञ्जाल तथा इन्टरनेट मार्फत गरिने विज्ञापन वापत अनौपचारिक माध्यमबाट विदेशमा भुक्तानी पठाउने र विदेशबाट त्यसरी रकम प्राप्त गर्ने कार्य गैरकानुनी हो । यस्तो कारोबारबाट विदेशी विनिमय अपचलन हुने भएकोले कसैले त्यसरी कारोबार गरेको पाइएमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(बम बहादुर मिश्र)
कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

Website: www.nrb.org.np मा प्रकाशित मिति:२०७६/१०/१७

## *युवालाई बिना ...*

शुरुआत गरेको हो ।

मुख्यमन्त्री लालबाबु राउतले बैंकको वैदेशिक रोजगार कर्जाको शुभारम्भ गर्दै प्रदेश सरकारको पहल तथा सीप परियोजनाको सहयोगमा कार्यक्रम शुरुआत गरिएको जानकारी दिनुभयो । उहाँले अब वैदेशिक रोजगारीमा जाने युवालाई सीप सिकेर रोजगारमा जान आग्रह समेत गर्नुभयो । यसअघि एसबिआइ बैंकले कर्जाको शुभारम्भ गरेको थियो ।

प्रभु बैंकले सो सेवा सप्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा वैदेशिक रोजगारमा जाने युवालाई उपलब्ध गराउनेछ । सिरहा, धनुषा र महोत्तरीमा एसबिआइ बैंकले सेवा दिने जनाइएको छ । ती बैंकले वैदेशिक रोजगारमा जाने व्यक्तिको नाउँमा बचत खाता खोली दिने र राहदानी लिइ श्रमसम्झौतापछि बैंकमा जम्मा गरेपछि पाँच दिनभित्र कर्जा उपलब्ध गराउने प्रावधान राखिएको छ ।

बैंकका कार्यकारी प्रमुख मणिराम पोखरेलको अध्यक्षतामा भएको शुभारम्भ कार्यक्रममा समाजिक विकासमन्त्री नवलकिशोर साह,सचिव रामकृष्ण सुवेदी, डिफिडका रोब क्लर्क, सीप परियोजाका बलजित बोहराले नयाँ कार्यक्रम शुरुआत भएको बताउनुभयो ।












**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*